वार्षिक प्रगति प्रतिवेदन तथा तथ्याङ्क पुस्तिका (आ.व. २०८२/०८३)



प्रकाशक


कोशी प्रदेश सरकार

उद्योग, कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

विराटनगर, नेपाल

वार्षिक प्रगति प्रतिवेदन तथा तथ्याङ्क पुस्तिका
(आ.व. २०८२/०८३)



प्रकाशक

कोशी प्रदेश सरकार

उद्योग, कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

विराटनगर, नेपाल

आफ्नो भनाई



नेपाल संघीय संरचनामा गए पश्चात आ.व. २०७५/०७६ देखि कोशी प्रदेशमा उद्योग, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत रहेको कृषि विकास निर्देशनालय र मातहतका कार्यालयहरुले यस प्रदेशको कृषि क्षेत्रका विद्यमान चुनौति र अवसरहरुका बिच कृषि विकास रणनीति, राष्ट्रिय तथा प्रादेशिक आवधिक योजनाले परिलक्षित गरे अनुरुपका प्रतिफल प्राप्त गर्न कृषि विकासका विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ । यसै क्रममा आ.व. २०८२/०८३ मा पनि विभिन्न कार्यक्रमहरु संचालन भएका थिए ।

यस वार्षिक प्रगति प्रतिवेदन तथा तथ्याङ्क पुस्तिकामा कृषि विकास निर्देशनालय र मातहतका कार्यालयहरुले आ.व. २०८२/०८३ मा सम्पन्न गरेका विभिन्न प्रविधि प्रसार तथा अनुदानका कार्यक्रमहरु, ती कार्यक्रमहरुका प्रगति तथा उपलब्धीहरु सहित कृषि क्षेत्रसँग सम्बन्धित तथ्याङ्कगत विवरण समावेश गरिएको छ ।

संघीय र प्रदेश सरकारका कृषि सम्बन्धी तथ्याङ्कहरुमा तहगत सरकारको संरचना पश्चात केही तालमेल नभएको सन्दर्भमा संघीय सरकारका निकायहरु र प्रदेश सरकार मातहतका कार्यालहरुसँग विभिन्न समयमा भएको छलफलका आधारमा कृषि तथ्याङ्कलाई समयानुकूल अझ बढी यथार्थपरक बनाउने प्रयास गरिँदै आइएको छ । यसले गर्दा यस पुस्तिकामा अद्यावधिक गरिएका कतिपय तथ्याङ्क विगतमा प्रस्तुत गरिएका तथ्याङ्कभन्दा केही फरक पर्न सक्छ, यसलाई सोहीरुपमा बुझिदिन हुन अनुरोध छ । यस पुस्तिकालाई यस रुपमा ल्याउन विभिन्न तथ्याङ्क, सल्लाह तथा सुझाव उपलब्ध गराई सहयोग पुऱ्याउनु हुने कृषक, कृषक समूह/सहकारी, सरकारी कार्यालय तथा गैरसरकारी संघ-संस्थाहरु लगायत अन्य सम्बन्धित सरोकारवालाहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

यो पुस्तिका तयारीका लागि प्रगति विवरण लगायत आवश्यक सम्पूर्ण विवरण संकलन, प्रशोधन र विश्लेषण गरी मूर्तरुप दिन अथक मेहनत गर्नुहने वरिष्ठ बागवानी विकास अधिकृत श्री टोनी बर्देवा (अधिकृतस्तर नवौं) लाई विशेष धन्यवाद दिन चाहन्छु । पुस्तिका प्रकाशनमा महत्वपूर्ण योगदान दिनुहुने यस निर्देशनालयका सम्पूर्ण शाखा प्रमुखहरु, कृषि ज्ञान केन्द्र, तालिम केन्द्र, प्रयोगशाला, संघीय मन्त्रालय, प्रदेश मन्त्रालय तथा अन्य सम्बन्धित कार्यालयहरुलाई समेत धन्यवाद दिन चाहन्छु । विशेष गरी, विभिन्न कृषि बाली/बस्तुको तथ्याङ्कको आधार स्तम्भको रुपमा रहेका कोशी प्रदेशका स्थानीय तह र अन्तर्गतका कृषि विकास शाखाका प्राविधिक कर्मचारीहरु र संघीय सरकार अन्तर्गतका कार्यालयहरुलाई समेत तथ्याङ्क अद्यावधिक गर्ने कार्यमा सहयोग गर्नुभएकोमा धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा, सम्पूर्ण पाठकवृन्दबाट पुस्तिकामा सुधार गर्नुपर्ने पक्षहरु औंल्याई आवश्यक सल्लाह तथा सुझावसमेत प्राप्त हुनेछ भन्ने अपेक्षा राख्दछु ।

प्रकाशकुमार डाँगी
(निर्देशक)
कृषि विकास निर्देशनालय
कोशी प्रदेश, विराटनगर

मिति: २०८३/०६/०८

विषय- सूची

भाग १ : परिचय

१.	कोशी प्रदेशको परिचय	१
२.	कोशी प्रदेशको कृषि क्षेत्र: संक्षिप्त परिचय	३
३.	प्रदेश सरकारको दोश्रो आवधिक योजनामा कृषि क्षेत्र	४
४.	कृषि विकास निर्देशनालयको परिचय	८
४.१.	ऐतिहासिक पृष्ठभूमि	८
४.२.	कृषि विकास निर्देशनालयको कार्यविवरण	८
४.३.	निर्देशनालय अन्तर्गतका कार्यालयहरु	९
४.३.१.	कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र	९
४.३.२.	कृषि ज्ञान केन्द्रहरु	१०
४.३.३.	प्रयोगशालाहरु	११
४.४.	कृषि विकास निर्देशनालय र मातहतका कार्यालयहरुको संगठन संरचना	१३
४.५.	कृषि विकास निर्देशनालयको संगठन संरचना	१४
४.६.	जनशक्ति विवरण	१५

भाग २ : वार्षिक स्वीकृत बजेट, कार्यक्रम तथा प्रगति विवरण

१.	वार्षिक स्वीकृत कार्यक्रम तथा बजेट (आ.व. २०८२/०८३)	२०
१.१.	कृषि विकास निर्देशनालय	२०
१.२	कृषि विकास निर्देशनालय र मातहतका कार्यालयहरुको प्रदेश र संघीय सरकार तर्फको वार्षिक स्वीकृत बजेट, कार्यक्रम तथा प्रगति विवरण (आ.व. २०८२/०८३)	२०
१.२.१	कृषि विकास निर्देशनालय	२०
१.२.२.	कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र, झुम्का, सुनसरी	२५
१.२.३	कृषि ज्ञान केन्द्र, ताप्लेजुङ	२९
१.२.४	कृषि ज्ञान केन्द्र, पाँचथर	३५
१.२.५	कृषि ज्ञान केन्द्र, इलाम	४२
१.२.६	कृषि ज्ञान केन्द्र, झापा	४९
१.२.७	कृषि ज्ञान केन्द्र, मोरङ	५६
१.२.८	कृषि ज्ञान केन्द्र, सुनसरी	६१
१.२.९	कृषि ज्ञान केन्द्र, उदयपुर	६६
१.३	कृषि ज्ञान केन्द्र, धनकुटा	७१
१.३.१	कृषि ज्ञान केन्द्र, तेह्रथुम	७६
१.३.२	कृषि ज्ञान केन्द्र, खोटाङ	८२
१.३.३	कृषि ज्ञान केन्द्र, ओखलढुङ्गा	८७
१.३.४	कृषि ज्ञान केन्द्र, संखुवासभा	९३
१.३.५	कृषि ज्ञान केन्द्र, सोलुखुम्बु	९८

१.३.६	माटो तथा मल परीक्षण प्रयोगशाला, झुम्का, सुनसरी	१०३
१.३.७	बाली संरक्षण प्रयोगशाला, झुम्का सुनसरी	१०६
१.३.८	बीउ बिजन प्रयोगशाला, झुम्का सुनसरी	१०९
२.	वार्षिक भारित तथा वित्तीय प्रगति विवरण (आ.व. २०८२/०८३)	११२
३.	मुख्य मुख्य क्रियाकलापहरुको लक्ष्य तथा प्रगति (प्रदेश कार्यक्रम र प्रदेश कृषि विकास कार्यक्रमतर्फ)	११६
३.१	कृषि विकास निर्देशनालय (आ.व. २०८२/०८३)	१६६
३.२.	कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र, झुम्का, सुनसरी (आ.व. २०८२/०८३)	११६
३.३.	कृषि ज्ञान केन्द्रहरु (आ.व २०८२/०८३)	११६
३.४	माटो तथा मल परीक्षण प्रयोगशाला, झुम्का, सुनसरी (आ.व. २०८२/०८३)	११७
३.५	बीउ बिजन प्रयोगशाला, झुम्का, सुनसरी (आ.व. २०८२/०८३)	११७
३.६	बाली संरक्षण प्रयोगशाला, झुम्का, सुनसरी (आ.व. २०८२/०८३)	११७
३.७	संघीय कार्यक्रम/आयोजना अन्तर्गतका क्रियाकलापहरुको लक्ष्य र प्रगति (आ.व. २०८२/०८३)	११८
४.	संचालित मुख्य मुख्य कार्यक्रमहरुबाट प्राप्त उपलब्धी तथा प्रतिफलको विवरण (आ.व. २०८२/०८३)- प्रदेश कृषि विकास कार्यक्रमतर्फ	११९
५.	संचालित मुख्य मुख्य कार्यक्रमहरुबाट प्राप्त उपलब्धी तथा प्रतिफलको विवरण (आ.व. २०८२/०८३)- संघीय कृषि विकास कार्यक्रमतर्फ	१२६
६.	पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना (NAFHA)	१३३
७.	प्रगति नपुगका कारणहरु (आ.व २०८२/०८३)	१३४
८.	बेरुजु विवरण	१३५
९.	संकलित राजश्वको विवरण	१३७
१०.	कृषि विकास निर्देशनालय र मातहतका कार्यालयहरुको राजश्व संकलन विवरण (आ.व. २०८२/०८३)	१३७
११.	लाभान्वित कृषक विवरण तथा सहभागिता	१३८
१२.	कृषि विकास निर्देशनालय र अन्तर्गतका कार्यालयहरुका कार्यालय प्रमुख र सूचना अधिकारीहरुको विवरण	१४०
१३.	प्रदेश वार्षिक खाद्यान्न वासलात	१४२
१४.	निर्देशनालय र मातहतका कार्यालयहरुको अनुदानको विवरण	१४३
१५.	आ.व. २०८२/०८३ मा प्रदेशबाट स्थानीय तहहरुलाई गरिएको वित्तीय हस्तान्तरणको प्रगति विवरण	१४४

भाग ३- अनुसूची : तथ्याङ्क

१.	कोशी प्रदेशको संक्षिप्त कृषि तथ्याङ्क	१४५
२.	भू-उपयोग (क्षेत्रफल हेक्टर)	१४६
३.	कोशी प्रदेशमा रासायनिक मल बिक्री वितरणको महिनागत वार्षिक विवरण (२०८२ श्रावण १ गते देखी २०८३ असार मसान्तसम्म)	१४७
४.	कोशी प्रदेशमा रासायनिक मल बिक्री वितरणको जिल्लागत वार्षिक विवरण (२०८२ श्रावण १ गते देखी २०८३ असार मसान्तसम्म)	१४७
५.	प्रमुख बालीहरुको तुलनात्मक क्षेत्रफल तथा उत्पादनको स्थिति (आ.व. २०८२/०८३)	१४८
६.	प्रमुख कृषिजन्य उपजको आयात विवरण (आ.व. २०८२/०८३)	१८९

७.	प्रमुख कृषिजन्य उपजको निर्यात विवरण (आ.व. २०८२/०८३)	१९०
८.	कोशी प्रदेशअन्तर्गत रहेका प्रमुख श्रोत केन्द्रहरु	१९१
९.	अनुसूची ९: च्याउ खेती श्रोत केन्द्रहरुको विवरण	१९२
१०.	अनुसूची १०: खाद्यान्न वीउ, तरकारी बेर्ना, फलफूल बेर्ना, तथा अन्य कृषिजन्य वस्तुको श्रोत केन्द्रहरुको विवरण	१९२
११.	स्थानीय तहको विवरण	१९५

भाग १: परिचय

यस भागमा कोशी प्रदेशको सामान्य परिचय तथा कृषि क्षेत्रका विभिन्न विषयहरुका साथै कृषि विकास निर्देशनालयको ऐतिहासिक पृष्ठभूमि, यसको कार्यविवरण, यस अन्तर्गतका कार्यालयहरुको जानकारी तथा जनशक्ति विवरणहरुको बारेमा संक्षिप्त चर्चा गरिएको छ।

१. कोशी प्रदेशको परिचय

क. भौगोलिक अवस्थिति र राजनीतिक विभाजन

'कोशी प्रदेश' नेपालको संविधान २०७२ लागु भएपछि वि.सं. २०७२ असोज ३ गते राज्य विभाजन गरी बनेका ७ प्रदेशहरू मध्ये एक हो। यो प्रदेश नेपालको सबैभन्दा पूर्वी भागमा रहेको प्रदेश हो। हिमाल, पहाड र तराईसम्म फैलिएको यस प्रदेशमा झापा, इलाम, पाँचथर, ताप्लेजुङ, संखुवासभा, तेह्रथुम, भोजपुर, धनकुटा, खोटाङ, सुनसरी, मोरङ, सोलुखुम्बु, ओखलढुङ्गा र उदयपुर गरी जम्मा १४ वटा जिल्ला पर्दछन्। यस प्रदेशको पूर्वतर्फ भारतको पश्चिम बङ्गाल राज्य र दक्षिणतर्फ बिहार राज्य पर्दछन्। यसै गरी उत्तर तर्फ चीनको स्वशासित क्षेत्र तिब्बत र पश्चिमतर्फ मधेश प्रदेश र बागमती प्रदेश पर्दछन्। यो प्रदेश २६ डिग्री २२ मिनेट देखि २८ डिग्री ६ मिनेट उत्तरी अक्षांशसम्म र ८६ डिग्री ९ मिनेट देखि ८८ डिग्री १२ मिनेट पूर्वी देशान्तरसम्म रहेको छ। यस प्रदेशमा विश्वका ६ वटा अग्ला हिमशिखर मध्ये संसारकै अग्लो हिमाल सगरमाथा (८८४८.८१ मी.) लगायत कञ्चनजंघा, ल्होत्से, मकालु र चोयु पर्दछन। यस्ता हिमालहरूको अवस्थितिले मित्रराष्ट्र चीनसँग प्राकृतिक सीमाको काम गरेको छ। यस प्रदेशको कूल क्षेत्रफल २५,९०५ वर्ग कि.मी. रहेको छ। नेपालको कुल क्षेत्रफलको १७.६ प्रतिशत भू-भाग यस प्रदेशमा रहेको छ। प्रदेशको कुल क्षेत्रफलको १८.२१ % तराई, ४१.५ % मध्यपहाड र ४०.२९ % उच्च पहाडी क्षेत्रमा पर्दछ । यस प्रदेशमा २८ वटा प्रतिनिधि सभा निर्वाचन क्षेत्र र ५६ वटा प्रदेश सभा निर्वाचन क्षेत्र रहेका छन्।वि.सं. २०७६ साल वैशाख २३ गते बसेको प्रदेश सभाको बैठकले सर्वसम्मतरुपमा विराटनगरलाई प्रदेशको स्थायी राजधानी तोकेको हो।वि.सं. २०७९ साल फागुन १७ गते बसेको प्रदेश सभाको बैठकले बहुमतद्वारा "कोशी प्रदेश" नाम पारित गरेको हो।यस प्रदेशमा १ महानगरपालिका, २ उपमहानगरपालिका, ४६ नगरपालिका र ८८ गाउँपालिका गरी १३७ स्थानीय तहहरु छन्।

ख. ऐतिहासिक, धार्मिक र सांस्कृतिक पक्ष

जातीय तथा भाषिक विविधता रहेको यस प्रदेशमा मुख्य रुपमा ब्राम्हण, क्षेत्री, राई, लिम्बू, थारू, लेप्चा, मुस्लिम, तामाङ, गुरुङ, मेचे, कोचे, यादव, राजवंशी लगायतका जातिहरूको बसोबास रहेको छ भने नेपाली, मैथिली, किराँती, तामाङ, लिम्बू, गुरुङ, लेप्चा, मुस्लिम, मगर र थारू भाषा मुख्य रुपमा बोलिन्छन्।किराँत धर्मगुरु फाल्गुनन्द, सिरिजङ्गा, बालागुरु षडानन्द, सामाजिक अभियन्ता योगमाया, स्वामी प्रपन्नाचार्य लगायतका विद्वान विदुषीहरु जन्मेको यो क्षेत्र ऐतिहासिक, साँस्कृतिक तथा पौराणिक दृष्टिकोणले महत्वपूर्ण छ। किराँत राजादेखी महाभारतकालिन विराट राजा सम्मको राज्य रहेको यो प्रदेशमा धार्मिक शक्तिपीठहरु तथा पौराणिक महत्वका स्थलहरु पाथीभरा, हलेसी महादेव, वराहक्षेत्र, दन्तकाली, सिद्धकाली, विष्णुपादुका, किच्चक वध, अर्जुनधारा, पिण्डेश्वरी धाम, बौद्ध धर्मावलम्बीको प्रसिद्ध स्थल सांग्रीला वा स्वर्ग भनी उल्लेख गरिएको ठाउँ खेम्पालुङ्ग तथा तेङवोचे गुम्वा तथा किराँतकालिन इतिहास र संस्कृतिसँग जोडिएका धेरै स्थल पर्दछन। यस प्रदेशमा इलामको अन्तुडाँडा, कन्याम, धनकुटाको भेडेटार, सोलुखुम्बुको नाम्चे बजार, सगरमाथा आधार शिविर तथा सुनसरीको तालतलैया लगायतका पर्यटकीय स्थलहरू रहेका छन्। प्राकृतिक सम्पदा, वन्यजन्तु तथा पशुपंछीको संरक्षण गर्ने हेतुले स्थापना गरिएका सगरमाथा राष्ट्रिय निकुञ्ज, मकालु बरुण राष्ट्रिय निकुञ्ज, कोशीटप्पु वन्यजन्तु आरक्ष, कञ्चनजङ्गा संरक्षण क्षेत्र लगायत नेपालकै अग्लो ह्यात्लुङ झरना तथा टोड्के र पोकली जस्ता ठूला र लामा झरनाहरू पनि यसै प्रदेशमा रहेका छन्।

ग. जनसंख्या

१२ औं राष्ट्रिय जनगणना २०७८ अनुसार कोशी प्रदेशको जनसंख्या ४९,६१,४१२ रहेको छ। जसमध्ये पुरुषको संख्या २४,१७,३२८ (४८.७२ %) र महिलाको संख्या २५,४४,०८४ (५१.२७ %) छ।नेपालको कुल जनसंख्याको १७.०१% जनसंख्या यहाँ बसोबास गर्दछन्। यस प्रदेशमा लैङ्गिक अनुपात **(Sex Ratio)** अर्थात प्रति १०० जना महिलामा पुरुषको संख्या ९५.०२ रहेको छ। प्रदेशको जनघनत्व १९२ व्यक्ति प्रति वर्ग किलोमिटर रहेको छ। स्थानीय तहगत रुपमा यहाँको नगरपालिकामा ६२.४% र गाँउपालिकामा ३७.६% जनसङ्ख्या बसोबास गर्दछन्।यस प्रदेशको जनगणना अवधिको वार्षिक औसत जनसंख्या वृद्विदर ०.८६ % रहेको छ। यस प्रदेशमा सबैभन्दा बढी वार्षिक औसत जनसंख्या वृद्धिदर भएको जिल्ला झापा (१.९७%) र सबैभन्दा कम वार्षिक औसत जनसंख्या वृद्धिदर भएको जिल्ला खोटाङ (—१.५६ %) हुन। यस प्रदेशमा आर्थिक काममा संलग्न जनसंख्या २८,३४,०८८ मध्ये सबैभन्दा धेरै कृषि, वन र माछापालन क्षेत्रमा ६२.७ प्रतिशत रहेका छन्। थोक एवं खुद्रा व्यापारमा ११.१ प्रतिशत, निर्माणमा ७.० प्रतिशत, औद्योगिक उत्पादनमा ४.१ प्रतिशत र अन्य सेवामा सेवामा २.८ प्रतिशत जनसंख्या संलग्न रहेका छन्।

घ. भू-बनोट र उपयोग

सोलुखुम्बु, संखुवासभा र ताप्लेजुङ हिमाली जिल्ला अन्तर्गत पर्दछन्, त्यसैले त्यहाँको मौसम अलिक चिसो हुन्छ। त्यसै गरी उदयपुर, खोटाङ, ओखलढुङ्गा, भोजपुर, धनकुटा, तेह्रथुम, पाँचथर, इलाम पहाडी जिल्लाहरु हुन्। झापा, मोरङ र सुनसरी तराईका जिल्ला हुन् जहाँ अरु क्षेत्रहरू भन्दा गर्मी हुन्छ।भू-स्रोत व्यवस्थापनका हिसाबले खेतीका लागि बढी उपयुक्त जमिन तराई र भित्री मधेशमा १७ प्रतिशत मात्र छ। पहाडमा भिरालो र गर्हा बनाएर मात्र खेती हुने जमिन २४ प्रतिशत, घाँसपातका निम्ति २४ प्रतिशत र वन्यजन्तु संरक्षण र पर्यटनका निम्ति १५ प्रतिशत उपयुक्त छ। झन्डै २० प्रतिशत जमिन अति भिरालो वा चट्टान वा हिउँले ढाकेको छ।

ङ. वन तथा निकुञ्ज

कोशी प्रदेश सरकारको आर्थिक सर्वेक्षण २०८२/०८३ अनुसार प्रदेशको कूल भू-भागमा वन क्षेत्रको हिस्सा ५०.४८ प्रतिशत रहेको छ । जसमध्ये ४६.२४ प्रतिशत वास्तविक वनक्षेत्र र बाँकी ४.२४ प्रतिशत बुट्यान क्षेत्र रहेको छ । यस प्रदेशमा कूल ३७९१ वटा क्रियाशील सामुदायिक वनले कूल वन क्षेत्रको १७.०६ प्रतिशत हिस्सा ओगटेका छन् । यस प्रदेशमा सगरमाथा, मकालु, वरुण, कञ्चनजंघा र कोशी टप्पु गरी ४ वटा निकुञ्ज र आरक्षण क्षेत्रहरुले प्रदेशको १९ प्रतिशत भू-भाग ओगटेको छ।

च. कृषि र सिंचाई

प्रदेशको कुल भू-भागको २७.२२% क्षेत्रमा खेती गरिएको छ भने ३१.३७% क्षेत्र खेती नगरिएको तर खेतीयोग्य क्षेत्रमा पर्दछ। कोशी प्रदेश सरकारको आर्थिक सर्वेक्षण २०८२/०८३ अनुसार गत आर्थिक वर्ष २०८२/८३ को अर्धवार्षिक अवधी (पुस मसान्त) सम्ममा कुल खेतीयोग्य जमिनको ३९.८० प्रतिशत क्षेत्रफलमा सिचाईं सुविधा पुगेको छ । सिंचाई पूर्वाधारको पहुँच विस्तार भएतापनि कूल कृषियोग्य जमिनको ३७.३० प्रतिशत क्षेत्रफलमा मात्रै औसतमा वर्षैभरि (१२ महिना) भरपर्दो सिंचाई सुविधा सुनिश्चित भएको छ ।खाद्यान्न उत्पादनका दृष्टिकोणले यो प्रदेश आत्मनिर्भर मात्र होईन अन्य प्रदेश र छिमेकमा समेत निर्यात गर्ने हैसियत राख्दछ। धान, मकै, कोदो, फापर, गँहु र जौ मा ३ लाख १५ हजार मेट्रिक टन भन्दा बढी बचत हुन्छ।

२. कोशी प्रदेशको कृषि क्षेत्रः संक्षिप्त परिचय

राष्ट्रिय कृषि गणना २०७८ अनसुार मलुकुमा कृषि चलन गर्ने कुल घरपरिवार संख्या ४१ लाख ३१ हजार मध्ये करिब १९ % यस प्रदेशमा रहेका छन। यस प्रदेशको कुल ग्राहस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान ३४.०१% रहेको छ। राष्ट्रिय कृषि उत्पादनमा यस प्रदेशको योगदान २१.५० % रहेको छ।धान, मकै, गहुँ, कोदो, फापर यस प्रदेशको प्रमुख खाद्यान्न बालीहरु हुन। त्यस्तै चिया, अलैंची, अदुवा, सुपारी, जुट, उखु लगायतका विभिन्न प्रकारका नगदे बालीहरु तथा विभिन्न जातका मौसमी तथा बेमौसमी तरकारी बाली उत्पादन भई छिमेकी मुलुकमा निर्यात समेत हुने गरेको छ। विभिन्न बर्खे तथा हिउँदे फलफूलहरु जस्तै आँप, लिची, केरा, मेवा, सुन्तला, कागती, जुनार, किवी, र एभोकाडोको व्यावसायिक खेती भई यिनीहरुको उत्पादन तथा क्षेत्र विस्तारको समेत उच्च सम्भावना रहेको छ। समग्रमा कृषि उत्पादनको दृष्टिकोणले यो प्रदेश खाद्य सुरक्षा हासिल गर्न सक्ने अवस्थामा रहेको छ।

कृषि उत्पादन र उत्पादकत्व वृद्धिका लागि भू-उपयोग नीति अनुरुपको कृषि भूमिको उपयोग, प्राङ्गारिक खेतीको प्रवर्द्धन, उत्पादकत्व वृद्धिका लागि क्षमता विकास र प्रविधिको प्रवर्द्धन र उत्पादनको कृषक मैत्री भण्डारण र बजारीकरणमा जोड दिईएको खाद्य तथा पोषण सुरक्षा कृषि रणनीतिको अभिन्न अंगको रुपमा रहेको छ। प्रदेशको तराई क्षेत्र कृषिजन्य र अन्य आयात प्रतिस्थापक र निकासीमूलक उद्योगको यथेष्ट सम्भावना बोकेको क्षेत्र हो। यहाँ कृषि सम्बद्ध उद्योगको प्रवर्द्धनमा जोड दिएको छ। उद्योगमा स्वदेशी र वैदेशिक लगानी आकर्षित गर्ने, प्रतिस्पर्धात्मक क्षमता, सिपमूलक र प्राविधिक दक्षता र उद्यमशिलता प्रवर्द्धन गर्ने रणनीति र कार्यनीतिहरु प्रस्ताव गरिएको छ।

सम्भाव्यता

- अलैंची खेती विस्तार, उत्पादन तथा निर्यात सम्भाव्यता (ताप्लेजुङ, इलाम, पाँचथर, संखुवासभा)।
- बेमौसमी तरकारी खेतीको सम्भाव्यता (धनकुटा, इलाम, पाँचथर, तेह्रथुम)।
- सुन्तला खेती विस्तार/उत्पादन तथा निर्यातको सम्भाव्यता (भोजपुर, धनकुटा, इलाम, पाँचथर)।
- सुपारी खेती विस्तार/उत्पादन तथा निर्यातको सम्भाव्यता (झापा)।
- केरा खेती विस्तार/उत्पादन तथा निर्यातको सम्भाव्यता (सुनसरी, मोरङ)।
- यस बाहेक यस प्रदेशमा विभिन्न बालीहरुको व्यवसायिक खेतीका लागि भौगोलिक सम्भाव्यता र विगतमा संचालित कार्यक्रमको बलियो अनुभव हुनु।
- कोशी बेसिनको उपयोगद्वारा वर्षैभरि कृषि उत्पादनको क्षमता उच्च बनाउन सकिने।
- कृषि अनुसन्धान केन्द्र, विश्वविद्यालय र प्राविधिक शिक्षालयहरुको उपलब्धता हुनु।
- जैविक तथा प्राङ्गारिक खेतीप्रति बढ्दो आकर्षण तथा प्राङ्गारिक उत्पादनको बजार वृद्धि हुनु।
- कृषि क्षेत्र, प्रदेश र स्थानीय सरकारको कार्य क्षेत्रमा पर्नु।
- तुलानात्मक लाभका उच्च मूल्य बालीको प्रचुर सम्भावना र आन्तरिक उपभोग बढ्नु तथा बाह्य बजारमा निर्यातको अवसर हुनु।
- कृषि सडक संचालनको विकास तथा संचालन हुनु।
- वैदेशिक रोजगारबाट फर्किएका युवा कृषि क्षेत्रमा आकर्षित हुनु।
- बैंक, वित्तीय तथा सहकारी संस्थामार्फत कृषिमा लगानी हुनु।
- खाद्य सम्बन्धी हक संवैधानिक रुपमा स्थापित भई खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन जारी हुनु।

३. प्रदेश सरकारको दोश्रो आवधिक योजनामा कृषि क्षेत्र

प्रदेशको दोश्रो आवाधिक योजना (आ.व. २०८१/०८२- २०८५/०८६) को कृषि क्षेत्रको क्षेत्रगत सोच "**दिगो र व्यावसायिक खेतीः प्रदेशको समृद्धि"** भन्ने रहेको छ। दोश्रो आवाधिक योजनाले दिगो, व्यवसायिक र वातावरण मैत्री कृषि प्रणाली मार्फत उच्च ग्राहस्थ उत्पादन हासिल गर्ने लक्ष लिएको छ। प्रदेशमा व्यावसायिक, औद्योगिक तथा प्रतिस्पर्धात्मक कृषि विकासको माध्यमबाट कृषिको उत्पादन र उत्पादकत्व वृद्धि गर्नु, तुलनात्मक लाभ भएका बाली उत्पादनको विकास एवं विस्तार गरी उद्यमशिलता प्रवर्द्धन गर्नु, जलवायु उत्थानशिल कृषि उत्पादन मार्फत आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्नु र तीनै तहका सरकार, सहकारी तथा निजी क्षेत्रको सहकार्य र समन्वयमा कृषि प्रसारको पहुँचमा वृद्धि गर्नु नै दोश्रो आवाधिक योजनाको प्रमुख उदेश्यहरु रहेका छन।दोश्रो आवाधिक योजनाले कृषि क्षेत्रको विकासको लागि विभिन्न सात (७) वटा रणनीतिहरु अवलम्बन गरेको छ। जसअनुसार कृषि उपजको व्यावसायिक उत्पादन र उत्पादकत्व वृद्धि गर्ने, स्वच्छ र गुणस्तरीय आधारभूत खाद्यवस्तु तथा तुलनात्मक लाभ भएका बालीको प्रवर्द्धन गर्ने, कृषिसम्बद्ध निकायको क्षमता विकास एंव प्रविधि हस्तान्तरण गर्ने, कृषि पर्या-पर्यटन सहित उत्पादित वस्तुको बजारीकरण गर्ने, कृषिजन्य उद्योगको संरक्षण, विकास र विस्तार गर्ने, कृषि प्रसारको पहुँचमा वृद्धि गर्ने, कृषिको व्यावसायीकरण र औद्योगिकीकरणमा निजी, सहकारी तथा अन्तरसरकार समन्वय र सहकार्य गर्ने रहेका छन्।माथि उल्लेखित सात (७) वटा रणनीतिहरुको कार्यान्वयन गर्न अड्चालिस (४८) वटा कार्यनीतिहरु उल्लेख गरिएका छन।

क्षेत्रगत सोच

दिगो र व्यावसायिक खेतीः प्रदेशको समृद्धि।

लक्ष्य

दिगो, व्यावसायिक र वातावरण मैत्री कृषि प्रणालीमार्फत उच्च ग्राहस्थ उत्पादन हासिल गर्ने।

उद्देश्य

१. प्रदेशमा व्यावसायिक, औद्योगिक तथा प्रतिष्पर्धात्मक कृषि विकासको माध्यमबाट कृषिको उत्पादन र उत्पादकत्व वृद्धि गर्नु।
२. तुलनात्मक लाभ भएका बाली उत्पादनको विकास एवं विस्तार गरी उद्यमशीलता प्रवर्द्धन गर्नु।
३. जलवायु उत्थानशील कृषि उत्पादनमार्फत आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्नु ।
४. तीनै तहका सरकार, सहकारी तथा निजी क्षेत्रको सहकार्य र समन्वयमा कृषि प्रसारको पहुँचमा वृद्धि गर्नु ।

रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. कृषि उपजको व्यवसायिक उत्पादन र उत्पादकत्व वृद्धि गर्ने।	१. भूउपयोग नीतिअनुरूप कृषि प्रयोजनमा वर्गीकरण गरिएका भूमिमा बालीवस्तुको विशेष व्यावसायिक उत्पादन क्षेत्रहरु विकास गरिनेछ। २. कृषिमा यान्त्रिकीकरण सहज गर्न स्थानीय तहमा कृषि यन्त्रको Custom Hiring Center स्थापना गरी एकद्वार प्रणालीबाट व्यवस्थापन गरिनेछ। ३. अनुपस्थित भू—स्वामित्व तथा अन्य कारणले बाँझो रहेका कृषियोग्य भूमिहरुमा बाली विशेष व्यावसायिक कृषि उत्पादन प्रवर्धन गर्न स्थानीय तहहरुमार्फत् भूमि बैंक सञ्चालन गरिनेछ। ४. कृषिमा आधारित उद्योगका लागि कच्चा पदार्थको व्यावसायिक

रणनीति	कार्यनीति
	उत्पादनको प्रचुर सम्भावना रहेका सिंचाइ सुविधा नपुगेका भूमिमा साना सिंचाई, सिंचाईका लागि विद्युतीकरण, जग्गाको चक्लाबन्दी र यान्त्रिकीकरण आदि कार्यका लागि स्थानीय तहको समन्वय र सहकार्यमा सहयोग उपलब्ध गराइनेछ। ५. जग्गा धनीलाई शेयरधनीमा रुपान्तरण गर्ने गरी चक्लाबन्दीको मध्यमबाट कृषि फर्म सञ्चालनार्थ सहजीकरण गरिनेछ। ६. उत्पादनमा आधारित अनुदानको व्यवस्था गरी युवालाई कृषि उत्पादन, प्रशोधन र बजारीकरणमा आकर्षित गरिनेछ। ७. कोशी बेसिनको उपयोग कृषि विकासमा सहयोग कार्यक्रममार्फत् कृषिजन्य उत्पादनमा वृद्धि गरिनेछ ।
२. स्वच्छ र गुणस्तरीय आधारभूत खाद्यवस्तु तथा तुलनात्मक लाभ भएका वालीको प्रवर्धन गर्ने।	१. माटो एवं भौगोलिक सम्भाव्यताका आधारमा स्वच्छ र गुणस्तरीय खाद्य वस्तु, उच्चमूल्य बाली (अलैंची, चिया, कफी, अदुवा, अम्रिसो, रुद्राक्ष) विशेष उत्पादन क्षेत्र निर्धारण गरी उत्पादन, प्रशोधन र बजारीकरण कार्यक्रमहरु सञ्चालन गरिनेछ। २. प्रदेशमा निर्माणाधीन तथा निर्माण सम्पन्न सडक र सिंचाई आयोजनाको पहुँच क्षेत्रहरुमा आधारभूत खाद्य वस्तु तथा तुलनात्मक लाभ भएका बालीहरु (अलैंची, चिया, कफी, अदुवा, अम्रिसो, रुद्राक्ष) को व्यावसायिक उत्पादन प्रवर्द्धन गर्ने तथा वीउ बैंक स्थापना गरिनेछ। ३. तुलनात्मक लाभ भएका बाली उत्पादन वृद्धि सम्बन्धी प्रदेशको कार्ययोजना अनुसार उत्पादन वृद्धि तथा क्षेत्र विस्तारमा सम्भाव्य स्थानीय तहहरुलाई सहयोग उपलब्ध गराइनेछ। ४. सिर्जनशील तथा कृषि क्षेत्रमा नवीनतम् प्रणाली अवलम्बन गर्ने सफल किसानलाई प्रोत्साहन एवं सम्मान गरिनेछ। ५. सहुलियतपूर्ण कर्जाको पँहुच अभिवृद्धि गर्न बैंक, वित्तीय संस्था र सहकारी आदिको सहकार्यमा प्रदेशका प्राथमिकता प्राप्त बालीवस्तुको उत्पादन तथा बजारीकरणमा सहुलियतपूर्ण कर्जाको व्यवस्था गरिनेछ। ६. वैदेशिक रोजगारीबाट फर्केका तथा स्वदेशमा नै कृषि व्यवसायमा आबद्ध हुन चाहने युवालाई सहुलियतपूर्ण कर्जा, तालिम, प्रविधि, बजार पँहुच अभिवृद्धि गर्नका लागि सहयोग गरिनेछ। ७. प्राङ्गारिक खेतीलाई प्रोत्साहन गर्न प्राङ्गारिक उत्पादनको ब्रान्डिङ्ग तथा बजारीकरणमा प्रोत्साहान गरिनेछ। ८. रैथाने बाली कोदो, फापर र आलस लगायतको संरक्षण गर्दै उत्पादन प्रवर्द्धन, प्रशोधन तथा बजारीकरणमा प्रोत्साहन गर्ने तथा साना किसान संरक्षित रैथाने बाली। जात तथा नश्लसम्बन्धी खोजी तथा पञ्जीकरण गरिनेछ। ९. कृषि उपजको स्वच्छता र गुणस्तर कायम राख आधुनिक ज्ञान तथा

रणनीति	कार्यनीति
	प्रविधि हस्तान्तरणका कार्यक्रम सञ्चालन गरिनेछ। १०. रबर तथा लाहा खेतीको प्रचारप्रसार र प्रवर्द्धन गरिनेछ।
३. कृषिसम्बद्ध निकायको क्षमता विकास एवम् प्रविधि हस्तान्तरण गर्ने।	१. प्रादेशिक निकायहरुमा माटो, वीउ बिजन, बालीको रोग पहिचान तथा रोग नियन्त्रणका लागि परीक्षण प्रयोगशाला सेवाको व्यवस्था गरिनेछ । २. कृषि क्षेत्रको विकास सम्बद्ध सरकारी संस्थाको संस्थागत विकास र सुदृढीकरण गरिनेछ। ३. प्रदेशमा रहेका तुलनात्मक लाभ भएका तथा निर्यातजन्य बालीको उत्पादन, प्रशोधन र बजारीकरणका लागि प्रदेश र स्थानीय तहमा दक्ष जनशक्ति व्यवस्थापन गरिनेछ। ४. जलवायु परिवर्तन र प्राकृतिक प्रकोपबाट कृषि क्षेत्रमा पर्ने नकारात्मक असर न्यूनीकरण गर्न प्राविधिक क्षमता विकास गरी कृषकहरुलाई प्रविधि तथा सेवा उपलब्ध गराइनेछ। ५. जलवायु परिवर्तन तथा प्राकृतिक प्रकोपवाट कृषि क्षेत्रमा पर्ने असर न्यूनीकरण गरिनेछ। ६. प्रादेशिक निकायहरुमा माटो, बीउ बिजन, बालीको रोग तथा किरा परीक्षण प्रयोगशाला सेवाको व्यवस्था गरिनेछ। ७. सहकारी तथा निजी क्षेत्रसँगको सहकार्यमा कृषि यन्त्र तथा उपकरण, उन्नत बीउ विजन र प्राङ्गारिक मल सुलभ दरमा उपलब्ध गराइनेछ।
४. कृषि पर्यापर्यटन सहित उत्पादित वस्तुको बजारीकरण गर्ने।	१. आन्तरिक तथा बाह्य बजार लक्षित निर्यातजन्य बालीको प्रशोधन, भण्डारण, प्याकेजिङ, ब्राण्डिङ्ग लगायतका कार्यक्रम सञ्चालनका लागि प्राविधिक सहयोग तथा सहुलियतपूर्ण कर्जा उपलब्ध गराइनेछ। २. मूल्य-शृङ्खला प्रणाली (उत्पादन, भण्डारण, प्रशोधन, ब्राण्डिङ्ग र बजारीकरण) मा आधारित कृषि प्रणाली अवलम्बन गरिनेछ । ३. निर्यात विविधीकरण गर्नका साथै निर्यातमा आउने बाधाको सम्बोधन गर्न सङ्घीय सरकारसँग समन्वय र सहकार्य गरिनेछ। ४. बाली विशेषको बजारीकरणका लागि सम्भाव्यता अध्ययन गरी तीनै तहका सरकारको सहकार्यमा लिलामी बजार तथा मण्डीहरुको स्थापना गरिनेछ। ५. ग्रामीण क्षेत्रमा फार्म स्टे र होमस्टेको विकासमा सहयोग गर्ने तथा कृषिसँग सम्बन्धित सांस्कृतिक सम्पदा र परम्परागत ज्ञानको प्रवर्द्धन गरिनेछ।
५. कृषिजन्य उद्योगको संरक्षण, विकास र विस्तार गर्ने।	१. कृषिमा आधारित साना तथा मझौला उद्योग स्थापनाका लागि सहुलियतपूर्ण कर्जा तथा ठूला उद्योगको स्थापनार्थ लगानी प्राधिकरणमार्फत् Viability Gap Funding को व्यवस्था गरिनेछ। २. उद्योगमार्फत् उत्पादित कृषि उपजको ब्राण्डिङ्ग र बजारीकरणलाई

रणनीति	कार्यनीति
	सहयोग गरिनेछ। ३. कृषि क्षेत्रको उन्नतिका लागि लगानी प्रवर्द्धन गरिनेछ। ४. केन्द्रीय कृषि अनुसन्धान केन्द्रसँगको समन्वयमा रैथाने बाली, जात, नश्र खोज तथा अनुसन्धान गरी आगन्तुक बाली, जात तथा नश्लको तुलनात्मक विश्लेषण गरी लगानी प्रवर्द्धन गरिनेछ।
६. कृषि प्रसारको पहुँचमा वृद्धि गर्ने।	१. कृषि प्रसारको पँहुच वृद्धि गर्न सेवा निवृत्त कर्मचारी, अनुसन्धान केन्द्र, कृषि अध्यापन गराउने विश्वविद्यालय, प्राविधिक शिक्षालय र सफल कृषकहरुलाई परिचालन गरिनेछ। २. कृषि उत्पादन सामग्रीको कारोबार गर्ने निजी व्यवसायी, कृषि विषय अध्ययन सम्पन्न गरेका युवाहरु र सहकारीको क्षमता अभिवृद्धि गरी उनीहरुमार्फत् गुणस्तरीय कृषि प्रसार सेवा उपलब्ध गराइनेछ। ३. कृषि अनुसन्धान परिषद्बाट विकास भएका प्रविधि, बीउ बिजनको प्रचार प्रसारका लागि स्थानीय तहहरुमा सघनरूपमा प्रदर्शन तथा प्रचार प्रसारका कार्यक्रमहरु सञ्चालन गरिनेछ। ४. विषयगत अनुसन्धान केन्द्रको सहकार्यमा बालीसम्वद्ध स्थलगत तालिमहरु सञ्चालन गरिनेछ। ५. स्थानीय तहहरुमा सामुदायिक कृषि प्रसार केन्द्रहरुको स्थापना गरी स्थानीय तहहरुमा माटो परीक्षण, रोग किरा पहिचान प्रयोगशाला स्थापना तथा सञ्चालनमा सहयोग गरिनेछ। ६. स्थलगत रूपमा किसानको खेतबारीमा नै सञ्चालन गर्ने प्रविधि प्रसार क्रियाकलापहरु सघन रूपमा सञ्चालन गरिनेछ। ७. गाँजा र सजिवन (Moringa) खेतीको सम्भाव्यता र उपयोगिताबारे थप अध्ययन तथा अनुसन्धान गरिनेछ।
७. कृषिको व्यावसायीकरण र औद्योगिकीकरणमा निजी, सहकारी तथा अन्तरसरकार समन्वय र सहकार्य गर्ने।	१. कृषि क्षेत्रको व्यवसायीकरण र औद्योगिकीकरणका लागि निजीक्षेत्र, सहकारी तथा अन्तरसरकार समन्वय, सहयोग र सहकार्य गर्न आवश्यक नीति तथा संरचनाको व्यवस्था गरिनेछ। २. कृषि विषय अध्यापन गराउने शिक्षालयसँगको समन्वयमा कृषि अनुसन्धान, विकास र विस्तारमा जोड दिइनेछ। ३. सहकारी तथा स्थानीय तहको समेत सहकार्यमा कृषिजन्य उद्योगको कच्चा पदार्थ उत्पादन गर्ने व्यावसायिक क्षेत्रका कृषकहरुलाई उद्योगसँग जोड्न प्रोत्साहन गरिनेछ। ४. भौगोलिक क्षेत्रअनुसार प्रदेश सरकार र स्थानीय सरकारको समन्वयमा प्रतिष्पर्धी क्षमता भएका निर्यातजन्य र आयात प्रतिस्थापनमा सहयोग गर्ने बाली पहिचान गरी उत्पादन तथा उत्पादकत्व वृद्धिर गुणस्तर सुधार गरिनेछ। ५. कृषिको व्यावसायीकरण र औद्योगिकीकरण गर्न कृषि बजारहरुको

रणनीति	कार्यनीति
	स्थापना, सुदृढीकरण तथा बजार सूचनामा पँहुच अभिवृद्धि गर्न सूचना प्रविधिको प्रयोग गरिनेछ। ६. कृषि विकास कार्यक्रम तर्जुमा तथा सञ्चालन सम्बन्धमा स्थानीय तहहरुलाई सङ्घीय सरकार र विकास साझेदारहरुका सहयोगमा क्षमता अभिवृद्धि गरिनेछ। ७. निजी, सहकारी र स्थानीय सरकारको सहकार्यमा कृषि यान्त्रिकीकरणलाई प्रोत्साहन गर्ने तथा स्वदेशमा नै कृषियन्त्र, उपकरण उत्पादन गर्ने उद्योगहरुलाई प्रोत्साहन गरिनेछ। ८. निजी, सहकारी तथा अन्तर सरकारी समन्वय र सहकार्यमार्फत् विभिन्न बाली स्रोत केन्द्रहरुको विकास गरिनेछ।

४. कृषि विकास निर्देशनालयको परिचय

४.१. ऐतिहासिक पृष्ठभूमि

नेपालमा कृषि विकासका कार्यक्रम कार्यान्वयनको संस्थागत विकासको थालनी वि.सं १९७८ मा चारखालमा स्थापित कृषि अड्डाबाट शुरु भएको पाईन्छ। विभिन्न कालखण्डमा यसले विभिन्न स्वरुपमा आफ्नो अस्तित्व कायम गर्दै हालको अवस्थामा आईपुगेको हो। कृषि प्रदर्शनी फार्म, कृषि परिषद्, अनुसन्धान परिषद्, कृषि विभाग, बागवानी केन्द्र, मत्स्य विकास केन्द्र लगायतको संरचनाको विकास क्रमले हालसम्मको कृषिको अवस्थालाई प्रतिबिम्बित गर्दछ। आ.व. २०३७/०३८ बाट कृषि मन्त्रालयको विधिवत शुरुवात भएको थियो।

वि.स. २०७२ सालमा जारी गरिएको नेपालको संविधान अनुरुप देशमा संघीयता लागु गरी सोको कार्यान्वयन गर्ने उद्देश्य अनुरुप संघ, प्रदेश, र स्थानीय तह गरी तीन तहको राजनीतिक तथा प्रशासनिक एकाईहरु रहने व्यवस्था भएको छ। संवैधानिक व्यवस्था अनुसार २०७४ सालमा तीनै तहको निर्वाचन सम्पन्न भई संघियता कार्यान्वयनको चरणमा अगाडि बढिरहेको छ। पछिल्लो चरणमा देशलाई एक संघ, सात प्रदेश तथा ७५३ वटा स्थानीय तह (महानगरपालिका, उपमहानगरपालिका र गाउँपालिका) र ७७ जिल्ला समन्वय समितिहरुमा समेत विभाजन गरी सबैलाई संविधानले प्रदत्त गरेको आर्थिक, प्रशासनिक तथा राजनैतिक अधिकारको उच्चतम प्रयोग गर्ने अवसर प्राप्त भएको छ। यही क्रममा कोशी प्रदेशको राजधानी विराटनगरमा तत्कालिन भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय (हाल उद्योग, कृषि तथा सहकारी मन्त्रालय) वि.सं २०७४ साल माघ २९ गते औपचारिक स्थापना भएको थियो।

उद्योग, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत यस कृषि विकास निर्देशनालय २०७५ असोज ८ गते स्थापना भई हाल कार्य गरिरहेको छ। यस निर्देशनालय अन्तर्गत १ वटा तालिम केन्द्र, १४ वटा कृषि ज्ञान केन्द्रहरु र ३ वटा प्रयोगशालाहरु रहेका छन्।

नेपालको संविधान, संघीय कानून तथा प्रदेश कानूनको अधिनमा रही प्रदेशको आवश्यकता र सम्भाव्यता अनुरुप कृषि विकास सम्बन्धी नीति तर्जुमा एवं कार्यान्वयन गर्ने मूल उद्देश्य बोकेर व्यवसायिक एवं प्रतिस्पर्धात्मक कृषि प्रणालीबाट उच्च एवं दिगो आर्थिक वृद्धि हासिल गरी खाद्य सुरक्षा तथा गरिबी निवारणमा योगदान पुर्‍याउनु मुख्य लक्ष्य राखेको छ ।

४.२. कृषि विकास निर्देशनालयको कार्यविवरण

प्रदेश सरकारको सोच, नीति तथा कार्यक्रम, आवश्यकता तथा औचित्यताका आधारमा कृषि विकास निर्देशनालयको कार्य विवरण देहाय बमोजिम तोकिएको छ।

१. प्रादेशिक कृषि सम्बन्धी नीति नियम तथा व्यवसायिक योजना तर्जुमा, कार्यान्वयन गर्ने तथा आवश्यक सहयोग गर्ने।
२. मातहत कार्यालयहरुको प्रभावकारी सञ्चालनका लागि प्रशासनिक र प्राविधिक निर्देशन, अनुगमन, निरीक्षण प्राविधिक पृष्ठपोषण गर्ने।
३. खाद्य सुरक्षाको अवस्थाको अनुगमन तथा विश्लेषण गरी प्रदेश सरकारलाई पृष्ठपोषण गर्ने तथा खाद्य सुरक्षाको दृष्टिकोणले महत्वपूर्ण बालीको पहिचान गरी विकास एवं प्रवर्द्धन गर्ने।
४. पोष्टहार्भेष्ट व्यवस्थापन बाली संरक्षण तथा व्यवसायिक कीट विकास बजार तथा अन्य कृषि पूर्वाधार विकास कृषि यान्त्रिकरण नीति तर्जुमा तथा कार्यान्वयन गर्ने।
५. प्रदेश स्तरको कृषि सम्बन्धी तथ्याङ्क संकलन एवं अद्यावधिक गर्ने।
६. कृषि उत्पादन सामाग्रीको आपूर्ति स्थितिको नियमित अनुगमन गर्ने तथा गुणस्तर नियन्त्रण गर्ने कार्यमा आवश्यक सहयोग गर्ने।
७. कृषि प्रसार कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग प्रवर्द्धन सम्वन्धी कार्यक्रमहरु सञ्चालन गर्ने।
८. प्रदेश स्तरमा माटोको उर्वराशक्ति नक्सा तयार गरी सो को आधारमा माटो सुधार सम्बन्धी नीति योजना तर्जुमा गर्ने।
९. प्रदेशमा सञ्चालन हुने संघीय कृषि विकास कार्यक्रमको संयोजन र समन्वय गर्ने।
१०. प्रदेश कृषि विकासमा संलग्न निकायहरु बिच समन्वय तथा सहकार्य गर्ने।
११. प्रदेश स्तरमा कृषि प्रविधि विस्तार कार्यको समन्वय गर्ने।
१२. प्रदेश स्तरमा कृषि प्रसार कृषि शिक्षा र कृषि अनुसन्धान सम्वद्ध निकायहरुबिच कार्यमूलक सम्बन्ध स्थापित गराउने।
१३. प्रदेश स्तर गुणस्तरीय श्रोत बीउ उत्पादन तथा व्यवस्थापनमा आवश्यक सहयोग गर्ने।
१४. कृषि क्षेत्रसँग सम्बन्धित ऐन, कानुन, नीति तथा नियमले सृजना गरेका कानुनी दायित्वहरु निर्वाह गर्ने तथा सहयोग गर्ने।
१५. प्रदेशस्तरमा कार्यरत कृषि जनशक्तिको क्षमता विकासका लागि नीति तथा योजना तर्जुमा गर्ने।
१६. कृषि क्षेत्रको संघीय तथा प्रादेशिक नीति मापदण्ड कार्यान्वयन तथा पृष्ठपोषण गर्ने।

कृषि विकास निर्देशनालयका हालसम्मका प्रमुखहरुको नामावली

क्र.स.	नाम	श्रेणी/तह/पद	अवधि	कैफियत
१.	वेनु प्रसाद प्रसाई	रा.प.प्र.(प्रा.)	२०७५।०६।०८ देखि २०७६।०८।१७ सम्म	
२.	प्रकाशकुमार डाँगी	अधिकृतस्तर दशौं	२०७६।०८।१८ देखि २०८१।१०।०९ सम्म	नि. निर्देशक
३.	प्रकाशकुमार डाँगी	निर्देशक (अ.एघारौं)	२०८१।१०।१० देखि हालसम्म	निर्देशक

४.३. निर्देशनालय अन्तर्गतका कार्यालयहरु

४.३.१. कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र

उद्योग, कृषि तथा सहकारी मन्त्रालय, कृषि विकास निर्देशनालय अन्तर्गत रहने गरी स्थापित कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्रको कार्य विवरण प्रदेश सरकारको सोच, नीति तथा कार्यक्रम एवं औचित्यताको आधारमा देहाय बमोजिम तोकिएको छ।

कार्य विवरणः-

१. तालिम तथा क्षमता विकासका क्षेत्रमा प्रदेश सरकारको कार्यान्वयन एकाइको रुपमा कार्य गर्ने।
२. प्रदेश स्तरका कृषि उद्यमी तथा व्यवसायीहरुलाई व्यवसाय सञ्चालनका लागि आवश्यक ज्ञान तथा सीप प्रदान गर्न तालिम आवश्यकता पहिचान गरी सो अनुरुप तालिम कार्यक्रम सञ्चालन गर्न।
३. तालिमको आवश्यकता पहिचान, प्रभावकारिता र अनुसरण सम्वन्धी अध्ययन अनुसन्धान गर्ने।
४. सम्भाव्यताका आधारमा फर्म केन्द्रहरुमा सिपमूलक आवासीय व्यावहारिक तालिमहरु सञ्चालन गर्ने।

५. कृषि उद्यमी तथा व्यवसायीहरुलाई व्यवसाय सञ्चालन गर्नका लागि आवश्यक पूर्वाधार तथा सुविधाको पहिचान गरी आवश्यक कार्यक्रम सञ्चालन गर्न सहयोग गर्ने।

६. कृषि उद्यमी तथा व्यवसायीहरुलाई व्यवसाय सञ्चालनका लागि आवश्यक व्यवसायिक योजना तयारीमा सहयोग गर्ने।

७. कृषि उद्यमी तथा व्यवसायीहरुलाई व्यवसाय सञ्चालनका लागि आवश्यक सेवा सुविधा प्राप्तिका लागि सम्वन्धित निकायहरुसँग समन्वय गराउने।

८. विभिन्न कृषि उद्यम तथा व्यवसाय सञ्चालनका लागि आधारभूत जानकारीहरु प्रदान गर्ने।

९. कृषि व्यवसाय तथा उद्यम गर्न चाहने युवा कृषकहरुलाई उद्यम तथा व्यवसाय सञ्चालनमा आवश्यक सहजीकरण गर्ने।

१०. तोकिएको शुल्क लिएर अन्य निकायबाट माग भए बमोजिम कृषि उद्यम तथा व्यवसाय सञ्चालन एवं प्रवर्द्धन सम्बन्धी तालिमहरु सञ्चालनको व्यवस्था गर्ने।

११. कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्रलाई प्रविधि सिकाई केन्द्रको रुपमा परिणत गर्ने।

१२. स्थानीय तह तथा प्रदेश स्तरमा कार्यरत कृषि प्राविधिकहरुको क्षमता अभिवृद्धि तथा वृत्ति विकास सम्बन्धी तालिमहरु सञ्चालन गर्न साथै कृषि क्षेत्रमा कार्यरत संघ संस्थाका कृषि प्राविधिकहरुको मागका आधारमा क्षमता अभिवृद्धि तालिम सञ्चालन गर्ने।

४.३.२. कृषि ज्ञान केन्द्रहरु

उद्योग, कृषि तथा सहकारी मन्त्रालय, कृषि विकास निर्देशनालय अन्तर्गत रहने गरी स्थापित कृषि ज्ञान केन्द्रको कार्य विवरण प्रदेश सरकारको सोच, नीति तथा कार्यक्रम आवश्यकता, औचित्यताका आधारमा देहाय बमोजिम तोकिएको छ।

कार्यविवरणः-

- प्रदेश सरकारको कृषि विकास कार्यक्रम सञ्चालनका लागि प्रदेश सरकारको कृषि विकास कार्यक्रम कार्यान्वयन एकाइको रुपमा काम गर्ने।
- स्थानीय समस्यामा आधारित स-साना अध्ययन परीक्षण तथा प्रमाणीकरण (Validation) परीक्षण सञ्चालन गर्ने।
- स्थानीय तहसँग समन्वय गरी कृषि सम्बन्धी तथ्याङ्क संकलन तथा सम्प्रेषण गर्ने।
- विभिन्न बालीहरुको अवस्था नियमित अनुगमन गरी मासिकरुपमा मौसमी प्रतिवेदन तथा प्राकृतिक प्रकोप मौसम प्रतिकूलता आदिबाट देखा पर्ने समस्याको क्षतिको विवरण संकलन तथा सम्प्रेषण गर्ने।
- विषादी, बीउ बिजन रासायनिक तथा प्राङ्गारिक मलको गुणस्तर अनुगमन तथा आपूर्ति व्यवस्थाबारे नियमित अनुगमन तथा समन्वय गर्ने।
- माटो तथा मल बाली संरक्षण र बीउ बिजन परीक्षण सम्वन्धी सामान्य प्रयोगशाला सेवा सञ्चालन गर्ने।
- व्यवसायिक कृषक र व्यवसायीहरुको लागि कृषिसँग सम्बन्धित तालिम सञ्चालन गर्ने।
- स्थानीय तहको क्षमताले नभ्याउने प्रकृतिका विशेषज्ञ प्रविधिक सेवा टेवा प्रदान गर्ने।
- स्थानीय किसान कृषि उद्यमी तथा कृषि प्राविधिकका लागि नवीनतम कृषि प्रविधिका श्रव्यदृष्य लगायतका प्रचारप्रसार र जानकारीमूलक सामग्री उपलब्ध गराउन सूचना केन्द्रको रुपमा कार्य गर्ने।
- स्थानीय कृषि जैविक विविधताको पहिचान, संरक्षण र उपयोग सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्ने।
- नेपाल कृषि अनुसन्धान परिषदको वाह्य अनुसन्धान कार्यक्रममा समन्वय र सहयोग पुर्‍याउने।
- बीउ बिजनको लागि श्रोत केन्द्र विकासमा सहयोग गर्ने।
- प्रदेशमा संचालित संघीय कृषि विकास कार्यक्रम कार्यान्वयन, समन्वय तथा सहजीकरण गर्ने।
- कृषि स्नातक तथा जे.टी./जे.टी.ए. अध्ययनरत विद्यार्थीका लागि ईन्टर्नसिप कार्यक्रममा सहयोग गर्ने।
- कृषि उद्यम तथा व्यवसाय सञ्चालन गर्न चाहनेहरुको लागि व्यवसाय विकास सेवा उपलब्ध गराउने।

- बाली बीमा तथा सहुलियत ब्यादरको कृषि कर्जा कार्यक्रम कार्यान्वयन समन्वय तथा सहजिकरण गर्ने।
- माहामारी र प्राकृतिक प्रकोपका कारण भएको कृषि धनको क्षति विवरण संकलन तथा क्षतिपूर्ति राहत र पुनः स्थापनाका कार्यहरु गर्ने गराउने।
- समग्र कृषि विकासको विषयमा प्रदेश र स्थानीय तह वीच समन्वयको काम गर्ने।
- कृषि क्षेत्रसँग सम्वन्धित ऐन, कानुन, नीति, तथा नियमले सृजना गरेका कानुनी दायित्वहरु निर्वाह गर्ने। तथा सो कार्यमा आवश्यक सहयोग गर्ने।
- स्थलगत उद्यमशिलता, रोजगारी मुलक, सशक्तिकरण, सिप विकास तथा क्षमता अभिवृद्धि, स्कूल हर्टिकल्चर तालिमहरु सञ्चालन गर्ने।
- मौसम अनुसारका फलफूल तथा तरकारी उत्पादन सम्बन्धी कृषकस्तर तालिमहरु सञ्चालन गर्ने।
- ईडिमयल, स्थानीय नास्पाती, आरुको जर्मप्लाज्म खरिद तथा संरक्षण र विकास गर्ने।
- पि.बि.एस बीउ आलु उत्पादन, तरकारी बेर्ना उत्पादन तथा बिक्री, रुटस्टक बिरुवा उत्पादन तथा खरिद, हिँउदे फलफूल बिरुवा बिक्री गर्ने।
- फार्ममा उत्पादित फलफूल प्रशोधन गर्ने।
- रेशम किरापालन तथा किम्बु बगैंचा व्यवस्थापन सम्बन्धी तालिम प्रदान गर्ने।
- व्यवसायिक रेशम कोया उत्पादन र बिक्री वितरण गर्ने।
- रेशम किरा पालन सम्बन्धी प्रदेश योजना तयार गर्ने तथा सम्भाव्यता अध्यन गर्ने।
- फार्मभित्र व्यवसायिक रेशम कोया उत्पादन कार्यक्रम सञ्चालन गर्ने।
- कृषकस्तरमा रेशम कोया उत्पादन प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने।

४.३.३. प्रयोगशालाहरु


कार्यविवरणः-

उद्योग, कृषि तथा सहकारी मन्त्रालय, कृषि विकास निर्देशनालय अन्तर्गत रहने गरी स्थापित प्रयोगशालाको कार्यविवरण प्रदेश सरकारको सोच, नीति तथा कार्यक्रम आवश्यकता, औचित्यताका आधारमा देहाय बमोजिम तोकिएको छ।


- बिभिन्न बालीको पकेट क्षेत्र, कृषकको खेतबारी र फर्महरुमा स्थलगत निरीक्षण गरी रोग किरा, बाली उत्पादन, बीउ उत्पादन र व्यवस्थापनमा सहयोग गरी कृषि उत्पादनको वृद्धिमा जोड दिने।
- कृषकको खेतबारीमा निरीक्षण गरी हानीकारक रोग तथा किराहरुको अध्ययन तथा अद्यावधिक रेकर्ड राख्ने, स्थलगत पहिचान गरी नमूना संकलन गर्ने, तिनको नोक्सानीबाट बचाउन कृषकहरुलाई प्राविधिक सल्लाह दिई बाली संरक्षण कार्यक्रम सञ्चालन गर्ने।
- विषादीको असर कम गर्न एकीकृत बाली संरक्षण प्रविधि कृषक समक्ष पुर्‍याउने।
- हानीकारक विषादीको प्रयोगमा कमी ल्याई स्थानीय श्रोत साधन (जडिबुटी तथा बोटबिरुवा आदि) बाट बनाईने विषादी र सुरक्षित रासायनिक विषादीको प्रयोग गरेर रोग तथा किराहरुको व्यवस्थापन गर्ने।
- बाली संरक्षण तथा विषादी प्रयोग सम्बन्धमा यस क्षेत्रको कृषकहरुलाई भेला गराई कृषक दिवस अन्तरक्रिया तथा गोष्ठी संचालन गर्ने।
- प्रतिबन्धित रोग तथा किटनाशक विषादीबारे कृषक समक्ष जानकारी गराउने।
- विभिन्न बाली उत्पादनमा नोक्सानी पुर्‍याउने शत्रु जीव तथा फाइदा पुर्‍याउने मित्र जीवबारे कृषक पाठशाला तथा अन्य कार्यक्रम मार्फत कृषक समक्ष जानकारी गराई एकीकृत बाली संरक्षण व्यवस्थापनमा सहयोग पुर्‍याउने।
- बाली संरक्षण सम्बन्धमा अध्ययन अनुसन्धान गर्ने।
- विभिन्न बालीहरुको बीउ उत्पादन, परीक्षण तथा प्रमाणीकरण गर्ने।

- कृषकहरुले उत्पादन गरेको बीउको गुणस्तर मापन गर्ने।
- बीउ बाली निरीक्षण, बीउ भण्डारण निरीक्षण, बीउ बजार अनुगमन निरीक्षण गर्ने।
- बीउ बिजन सम्बन्धी सरोकारवलाहरुको अन्तरक्रिया गोष्ठी गर्ने।
  बीउ नमूना गुणस्तर परीक्षण, रेफ्री नमुना गुणस्तर परीक्षण गर्ने।
- माटो नमूना परीक्षण, मलखाद्यको गुणस्तर विश्लेषण, शुक्ष्म तत्वको नमुना संकलन तथा विश्लेषण गर्ने।
- साझेदारीमा घुम्ती प्रयोगशाला मार्फत शिविर सञ्चालन, माटो परीक्षण शिविर सञ्चालन गर्ने।
- माटो जाँचको लागि समन्वयहरु गर्ने।
- IPNS कृषक पाठशाला सञ्चालन गर्ने।
- कृषकको माग अनुसार उत्पादित क्षेत्रहरुमा बाली संरक्षण, बीउ उत्पादन, माटो परीक्षण लगायतका प्राविधिक सेवा उपलब्ध गराउने।

४.४. कृषि विकास निर्देशनालय र मातहतका कार्यालयहरुको संगठन संरचना



४.५. कृषि विकास निर्देशनालयको संगठन संरचना



४.६. जनशक्ति विवरण

कृषि विकास निर्देशनालय र मातहतका कार्यालयहरुको आ.व २०८२/०८३ को स्वीकृत दरबन्दी, पदपूर्ति अवस्था तलको तालिकामा प्रस्तुत गरिएको छ। स्वीकृत दरबन्दी अनुसार ५० प्रतिशत मात्र कर्मचारीहरुको पदपूर्ति र बाँकी ५० प्रतिशत दरबन्दी रिक्त रहेको छ। आ.व २०८२/०८३ असार मसान्त सम्मको यस कृषि विकास निर्देशनालय र मातहतका कार्यालयहरुको कर्मचारी दरबन्दी तथा पदपूर्ति विवरण तलको तालिकाहरुमा प्रस्तुत गरिएको छ ।

तालिका नं. १: कृषि विकास निर्देशनालयको कर्मचारी दरवन्दी तथा पदपूर्ति विवरण (आ.व. २०८२/८३)

क्र.स.	पद	श्रेणी/तह	सेवा	समूह	स्वीकृत दरवन्दी	पदपुर्ति	रिक्त संख्या
१	निर्देशक	अधिकृतस्तर (एघारौं तह)	नेपाल कृषि	समूहकृत नहुने	१	१	०
२	बरिष्ठ कृषि प्रसार अधिकृत	अधिकृतस्तर नवौं/दशौं तह	नेपाल कृषि	कृषि प्रसार	३	०	३
३	बरिष्ठ कृषि अर्थ विज्ञ	अधिकृतस्तर नवौं/दशौं तह	नेपाल कृषि	एग्री.ईको.एण्ड मार्केटिङ्ग	२	०	२
४	बरिष्ठ वागवानी विकास अधिकृत	अधिकृतस्तर नवौं/दशौं तह	नेपाल कृषि	वागवानी विकास	१	१	०
५	बरिष्ठ बाली संरक्षण अधिकृत	अधिकृतस्तर नवौं/दशौं तह	नेपाल कृषि	बाली संरक्षण	१	०	१
६	बरिष्ठ बाली विकास अधिकृत	अधिकृतस्तर नवौं/दशौं तह	नेपाल कृषि	बाली विकास	१	०	१
७	शाखा अधिकृत	अधिकृतस्तर सातौं/आठौं तह	नेपाल प्रशासन	सामान्य प्रशासन	१	०	१
८	लेखा अधिकृत	अधिकृतस्तर सातौं/आठौं तह	नेपाल प्रशासन	लेखा	१	०	१
९	कृषि प्रसार अधिकृत	अधिकृतस्तर सातौं/आठौं तह	नेपाल कृषि	कृषि प्रसार	१	१	०
१०	कृषि अर्थ विज्ञ	अधिकृतस्तर सातौं/आठौं तह	नेपाल कृषि	एग्री.ईको.एण्ड मार्केटिङ्ग	२	२	०
११	बागवानी विकास अधिकृत	अधिकृतस्तर सातौं/आठौं तह	नेपाल कृषि	बागवानी विकास	२	१	१
१२	बाली संरक्षण अधिकृत	अधिकृतस्तर सातौं/आठौं तह	नेपाल कृषि	बाली संरक्षण	१	१	०
१३	बाली विकास अधिकृत	अधिकृतस्तर सातौं/आठौं तह	नेपाल कृषि	बाली विकास	१	१	०
१४	कृषि ईन्जिनियर	अधिकृतस्तर सातौं/आठौं तह	नेपाल कृषि	ईन्जिनियरिङ्ग	१	०	१
१५	नायख सुब्बा/अधिकृत	स.स्तर पाँचौं/ अधिकृतस्तर छैटौं	नेपाल प्रशासन	सामान्य प्रशासन	१	०	१
१६	लेखापाल/अधिकृत	स.स्तर पाँचौं/ अधिकृतस्तर छैटौं	नेपाल प्रशासन	लेखा	१	१	०
१७	प्राविधिक	स.स्तर पाँचौं/ अधिकृतस्तर	नेपाल कृषि	कृषि प्रसार	२	०	२

क्र.स.	पद	श्रेणी/तह	सेवा	समूह	स्वीकृत दरवन्दी	पदपुर्ति	रिक्त संख्या
	सहायक/अधिकृत	छैटौं					
१८	प्राविधिक सहायक/अधिकृत	स.स्तर पाँचौं/ अधिकृतस्तर छैटौं	नेपाल कृषि	एग्री.ईको.एण्ड मार्केटिङ्ग	२	०	२
१९	प्राविधिक सहायक/अधिकृत	स.स्तर पाँचौं/ अधिकृतस्तर छैटौं	नेपाल कृषि	बागवानी विकास	२	२	०
२०	प्राविधिक सहायक/अधिकृत	स.स्तर पाँचौं/ अधिकृतस्तर छैटौं	नेपाल कृषि	बाली संरक्षण	१	०	१
२१	प्राविधिक सहायक/अधिकृत	स.स्तर पाँचौं/ अधिकृतस्तर छैटौं	नेपाल कृषि	वाली विकास	१	०	१
२२	प्राविधिक सहायक/अधिकृत	स.स्तर पाँचौं/ अधिकृतस्तर छैटौं	नेपाल कृषि	माटो विज्ञान	१	०	१
२३	सब-ईन्जिनियर	स.स्तर पाँचौं/ अधिकृतस्तर छैटौं	नेपाल कृषि	ईन्जिनियरिङ्ग	१	१	०
२४	कम्प्यूटर अप्रेटर/अधिकृत	स.स्तर पाँचौं/ अधिकृतस्तर छैटौं	नेपाल विविध	विविध	१	१	०
२५	हलुका सवारी चालक	श्रेणी विहिन	ईन्जिनियरिङ्ग	मेकानिकल	२	२	०
२६	कार्यालय सहयोगी	श्रेणी विहिन	नेपाल प्रशासन	सामान्य प्रशासन	४	४	०
जम्मा					**३८**	**१९**	**१९**
प्रतिशत					**१००**	**५०**	**५०**

तालिका नं. २ : कृषि विकास निर्देशनालय र मातहतका कार्यालयहरुको कर्मचारी दरबन्दी तथा पदपूर्ति विवरण (आ.व. २०८२/०८३)

क्र.सं.	पद नाम	तह	सेवा	समूह	कुल जम्मा			निर्देशनालय		
					स्वीकृत दरवन्दी	पदपुर्ति	रिक्त संख्या	स्वीकृत दरवन्दी	पदपुर्ति	रिक्त संख्या
१	निर्देशक/तालिम केन्द्र प्रमुख	अधिकृतस्तर एघारौं	कृषि	समूहकृत नहुने	२	१	१	१	१	०
२	वरिष्ठ कृषि प्रसार अधिकृत	अधिकृतस्तर नवौं/दशौं	कृषि	कृषि प्रसार	४	०	४	३	०	३
३	वरिष्ठ कृषि अर्थ विज्ञ	अधिकृतस्तर नवौं/दशौं	कृषि	एग्री.ईको.मार्के	३	१	२	२	१	१
४	वरिष्ठ बागवानी विकास अधिकृत	अधिकृतस्तर नवौं/दशौं	कृषि	बागवानी	१	१	०	१	१	०
५	वरिष्ठ बाली संरक्षण अधिकृत	अधिकृतस्तर नवौं/दशौं	कृषि	बाली संरक्षण	३	१	२	१	०	१
६	वरिष्ठ बाली विकास अधिकृत	अधिकृतस्तर नवौं/दशौं	कृषि	बाली विकास	२	०	२	१	०	१
७	वरिष्ठ माटो विज्ञ	अधिकृतस्तर नवौं/दशौं	कृषि	माटो विज्ञान	१	०	१	०	०	०
८	प्रमुख (कृषि ज्ञान केन्द्र)	अधिकृतस्तर नवौं/दशौं	कृषि	समूहकृत नहुने	१४	७	७	०	०	०
९	शाखा अधिकृत	अधिकृतस्तर सातौं/आठौं	प्रशासन	सामान्य प्रशासन	१	१	०	१	१	०
१०	लेखा अधिकृत	अधिकृतस्तर	प्रशासन	लेखा	१	१	०	१	१	०

क्र.सं.	पद नाम	तह	सेवा	समूह	कुल जम्मा			निर्देशनालय		
					स्वीकृत दरवन्दी	पदपुर्ति	रिक्त संख्या	स्वीकृत दरवन्दी	पदपुर्ति	रिक्त संख्या
		सातौं/आठौं								
११	कृषि प्रसार अधिकृत	अधिकृतस्तर सातौं/आठौं	कृषि	कृषि प्रसार	२१	११	१०	१	१	०
१२	कृषि अर्थ विज्ञ	अधिकृतस्तर सातौं/आठौं	कृषि	एग्री.ईको.मार्के	१३	७	६	२	२	०
१३	बागवानी विकास अधिकृत	अधिकृतस्तर सातौं/आठौं	कृषि	बागवानी	१६	८	८	२	१	१
१४	बाली संरक्षण अधिकृत	अधिकृतस्तर सातौं/आठौं	कृषि	बाली संरक्षण	१५	७	८	१	१	०
१५	बाली विकास अधिकृत	अधिकृतस्तर सातौं/आठौं	कृषि	बाली विकास	६	५	१	१	१	०
१६	माटो विज्ञ	अधिकृतस्तर सातौं/आठौं	कृषि	माटो विज्ञान	३	१	२	०	०	०
१७	कृषि ईन्जिनियर	अधिकृतस्तर सातौं/आठौं	कृषि	कृ. इन्जिनियरिङ	१	०	१	१	०	१
१८	सहायक/अधिकृत	स.स्तर पाँचौं/ अधिकृतस्तर छैटौं	प्रशासन	सामान्य प्रशासन	१२	६	५	१	१	०
१९	लेखापाल/अधिकृत	स.स्तर पाँचौं/ अधिकृतस्तर छैटौं	प्रशासन	लेखा	१६	९	७	१	१	०
२०	प्राविधिक सहायक/अधिकृत	स.स्तर पाँचौं/ अधिकृतस्तर छैटौं	कृषि	कृषि प्रसार	१५	७	८	२	०	१
२१	प्राविधिक सहायक/अधिकृत	स.स्तर पाँचौं/ अधिकृतस्तर छैटौं	कृषि	एग्री.ईको.मार्के	३	२	१	२	०	२
२२	प्राविधिक सहायक/अधिकृत	स.स्तर पाँचौं/ अधिकृतस्तर छैटौं	कृषि	बागवानी	१८	१२	६	२	२	०
२३	प्राविधिक सहायक/अधिकृत	स.स्तर पाँचौं/ अधिकृतस्तर छैटौं	कृषि	बाली संरक्षण	२०	१४	६	१	०	१
२४	प्राविधिक सहायक/अधिकृत	स.स्तर पाँचौं/ अधिकृतस्तर छैटौं	कृषि	बाली विकास	४	०	४	१	०	०
२५	प्राविधिक सहायक/अधिकृत	स.स्तर पाँचौं/ अधिकृतस्तर छैटौं	कृषि	माटो विज्ञान	८	६	२	१	०	१
२६	सव-ईन्जिनियर/अधिकृत	स.स्तर पाँचौं/ अधिकृतस्तर छैटौं	कृषि	कृ. इन्जि.	१	१	०	१	१	०
२७	मेकानिक्स	स.स्तर पाँचौं/ अधिकृतस्तर छैटौं	इन्जिनियरिङ	मेकानिकल	१	०	१	०	०	०
२८	कम्प्यूटर अपरेटर/अधिकृत	स.स्तर पाँचौं/ अधिकृतस्तर छैटौं	विविध		१	१	०	१	१	०

क्र.सं.	पद नाम	तह	सेवा	समूह	कुल जम्मा			निर्देशनालय		
					स्वीकृत दरवन्दी	पदपुर्ति	रिक्त संख्या	स्वीकृत दरवन्दी	पदपुर्ति	रिक्त संख्या
२९	प्रशासन सहायक	सहायकस्तर चौथो/पाँचौं	प्रशासन	सामान्य प्रशासन	१०	८	२	०	०	०
३०	सह-लेखापाल	सहायकस्तर चौथो/पाँचौं	प्रशासन	लेखा	३	०	३	०	०	०
३१	नायव प्राविधिक सहायक	सहायकस्तर चौथो/पाँचौं	कृषि	बाली संरक्षण	५	४	१	०	०	०
३२	नायव प्राविधिक सहायक	सहायकस्तर चौथो/पाँचौं	कृषि	वाली विकास	१	१	०	०	०	०
३३	नायव प्राविधिक सहायक	सहायकस्तर चौथो/पाँचौं	कृषि	माटो विज्ञान	२	१	१	०	०	०
३४	हिभी सवारी चालक	आधारभूत	इन्जिनियरिङ	मेकानिकल	३	२	१	०	०	०
३५	हलुका सवारी चालक	आधारभूत	इन्जिनियरिङ	मेकानिकल	१६	१५	१	२	२	०
३६	कार्यालय सहयोगी	आधारभूत	प्रशासन	सामान्य प्रशासन	६०	५४	६	४	४	०
जम्मा					**३०६**	**१९५**	**११०**	**३८**	**२३**	**१३**
प्रतिशत					**१००**	**६३.७३**	**३६.२७**	**१००**	**६०.५३**	**३९.४७**

तालिका नं. ३ कृषि विकास निर्देशनालयका कर्मचारीहरुको विवरण (आ.व.२०८२/०८३)

क्र. स.	पद	नाम थर	सेवा/समूह	श्रेणी/तह	कै
१	निर्देशक	श्री प्रकाशकुमार डाँगी	कृषि/ कृषि प्रसार	अधिकृतस्तर एघारौं	
२	वरिष्ठ बागवानी विकास अधिकृत	श्री टोनी बर्देवा	कृषि/ बागवानी	अधिकृतस्तर नवौं	
३	बागवानी विकास अधिकृत	श्री पूर्णमाया गुरुङ्ग	कृषि/ बागवानी	अधिकृतस्तर आठौं	
४	कृषि अर्थ विज्ञ	श्री गणेश खत्री	कृषि/ एग्री.ईको. एण्ड मार्केटिङ्ग	अधिकृतस्तर सातौं	
५	कृषि प्रसार अधिकृत	श्री निर्मला रायमाझी	कृषि/कृषि प्रसार	अधिकृतस्तर सातौं	
६	बाली विकास अधिकृत	श्री भवानी बस्नेत	कृषि/ बाली विकास	अधिकृतस्तर सातौं	
७	कृषि अर्थ विज्ञ	श्री नविन अधिकारी	कृषि/ एग्री.ईको. एण्ड मार्केटिङ्ग	अधिकृतस्तर सातौं	
८	बाली संरक्षण अधिकृत	श्री सन्तोषी खड्का	कृषि/ बाली संरक्षण	अधिकृतस्तर सातौं	
९	सहायक बागवानी विकास अधिकृत	श्री गणेशकुमार राई	कृषि/ बागवानी	अधिकृतस्तर छैटौं	
१०	सहायक बागवानी विकास अधिकृत	श्री युकमणी भट्टराई	कृषि/ बागवानी	अधिकृतस्तर छैटौं	
११	सब- ईन्जिनियर/ अधिकृत	श्री तारा बहादुर घिमिरे	कृषि/ कृषि ईन्जिनियरीङ्ग	अधिकृतस्तर छैटौं	
१२	लेखापाल/ अधिकृत	श्री दिपक राय	प्रशासन/ लेखा	अधिकृतस्तर छैटौं	
१३	सहायक अधिकृत	श्री पर्शुराम कोईराला	प्रशासन/ सा.प्र	अधिकृतस्तर छैटौं	
१४	सहायक अधिकृत	श्री चुणामणी न्यौपाने	प्रशासन/ सा.प्र	अधिकृतस्तर छैटौं	
१५	का.स. पाचौं	श्री जनक चौधरी	प्रशासन/ सा.प्र.	श्रेणी विहिन	

क्र. स.	पद	नाम थर	सेवा/समूह	श्रेणी/तह	कै
१६	हलुका सवारी चालक	श्री रमेश चौधरी	ईन्जिनीयरीङ्ग/ मेकानिकल	श्रेणी विहिन	करार
१७	हलुका सवारी चालक	श्री सन्तोष कुमार आचार्य	ईन्जिनीयरीङ्ग/ मेकानिकल	श्रेणी विहिन	करार
१८	हलुका सवारी चालक	श्री गणेश आचार्य	ईन्जिनीयरीङ्ग/ मेकानिकल	श्रेणी विहिन	करार
१९	का.स.	श्री सुर्यनारायण यादव	प्रशासन/ सा.प्र.	श्रेणी विहिन	करार
२०	का.स.	श्री विनोद राउत	प्रशासन/ सा.प्र.	श्रेणी विहिन	करार
२१	का.स.	श्री अमृता धिमाल	प्रशासन/ सा.प्र.	श्रेणी विहिन	करार

भाग २ : वार्षिक स्वीकृत बजेट, कार्यक्रम तथा प्रगति विवरण

१. वार्षिक स्वीकृत कार्यक्रम तथा बजेट (आ.व. २०८२/०८३)

१.१. कृषि विकास निर्देशनालय

कृषि विकास निर्देशनालयको आ.व. २०८२/०८३ मा प्रदेश सरकारको स्वीकृत कार्यक्रम (अनिवार्य दायित्व, खर्च शिर्षक नम्बर, ३१२०१०१७ तर्फ) विभिन्न क्रियाकलाप सञ्चालनका लागि रु. ४,२६,७८,०००।- (चार करोड छब्बिस लाख अठत्तर हजार मात्र) र मातहतका कार्यालयहरुको अनिवार्य दायित्व (खर्च शिर्षक नम्बर ३१२०१०१७) तर्फ रु. २८,५१,६५,०००।- (अट्ठाईस करोड एकाउन्न लाख पैसठी हजार मात्र) गरी जम्मा रु. ३२,७८,४३,०००।- (बत्तिस करोड अठहत्तर लाख तिर्चालिस हजार मात्र) विनियोजन भएको थियो। त्यस्तै गरी कृषि ज्ञान केन्द्रहरुको प्रदेश कृषि विकास कार्यक्रम (खर्च शिर्षक नम्बर ३१२०१०१९) तर्फ रू. १२,९६,५७,०००।— (बाह्र करोड छ्यानब्बे लाख सन्ताउन्न हजार मात्र) विनियोजन भएको थियो। कृषि ज्ञान केन्द्रहरुका लागि संघीय सशर्त कार्यक्रमतर्फ राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमको लागि रु. १,०१,००,०००।- (एक करोड एक लाख मात्र), सिंचाई आधुनिकीकरण अभिवृद्धि आयोजनाको लागि रु. ७,६१,६२,०००।— (सात करोड एकसठ्ठी लाख बैसठ्ठी हजार मात्र), कृषि विभाग संघ सशर्त अनुदानको लागि रु. १,५१,६०,०००।- (एक करोड एकाउन्न लाख साठी हजार मात्र), बीउ प्रवर्द्धन तथा गुण नियन्त्रण कार्यक्रमको लागि रु. ३०,००,०००- (तीस लाख मात्र) र पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजनाको लागि प्रदेशतर्फ रु. ६५,२७,०००।- (पैसठ्ठी लाख सत्ताईस हजार मात्र) र संघीय सरकारतर्फ रु. २३,६५,००,०००।— (तेईस करोड पैसठ्ठी लाख मात्र) गरी जम्मा रु २४,३०,२७,०००।- (चौबिस करोड तीस लाख सत्ताईस हजार मात्र) गरी सबै संघीय कार्यक्रमतर्फको कुल जम्मा (प्रदेश+संघ) **रु. ८०,४९,४९,०००।— (अक्षरेपी रु असी करोड उन्चास लाख उन्चास हजार मात्र)** विनियोजन भएको थियो र सोको क्रियाकलापगत प्रगति विवरण तल उल्लेख गरिएको छ ।

तालिका नं. ४

१.२ कृषि विकास निर्देशनालय र मातहतका कार्यालयहरुको प्रदेश र संघीय सरकार तर्फको वार्षिक स्वीकृत बजेट, कार्यक्रम तथा प्रगति विवरण (आ.व. २०८२/०८३)

१.२.१ कृषि विकास निर्देशनालय ब.उ.शी.नं. (३१२०१०११)- (प्रदेश कार्यक्रम) **बजेट रु हजारमा**

क्रियाकलाप कोड नं	कार्यक्रम /क्रियाकलापहरु	खर्च शीर्षक	इकाई	बार्षिक लक्ष्य			वार्षिक प्रगति	
				परिमाण	भार	बजेट	परिमाण	भारित प्रगति (%)
अ) पूँजीगत खर्च अन्तर्गतका कार्यक्रमहरु								
११.१.२.३५	कार्यालयको अपूर्ण भवन निर्माण	३१११२	संख्या	१	७.६२	३२५०	१	७.६२
११.१.३.६	कार्यालयमा विजुली तथा खानेपानिको व्यवस्थापनमा सुधार	३११६१	पटक	१	०.५९	२५०	१	०.५९
११.३.२.३	गाडी खरिद	३११२१	संख्या	१	१४.१	६०००	१	१४.०६
११.३.७.१	मेसिनरी तथा औजार खरिद	३११२२	पटक	१	१.१७	५००	१	१.१७

क्रियाकलाप कोड नं	कार्यक्रम /क्रियाकलापहरु	खर्च शीर्षक	इकाई	बार्षिक लक्ष्य			वार्षिक प्रगति	
				परिमाण	भार	बजेट	परिमाण	भारित प्रगति (%)
क) पूँजीगत खर्च कार्यक्रमको जम्माः				४	२३.४	१००००		२३.४४
आ) चालु खर्च अन्तर्गतका कार्यक्रमहरु								
२.१.१.१	धाराको महसुल	२२१११	पटक	१	०.११	४८	१	०.११
१.१.१.२	अधिकृतस्तर एघारौं	२११११	जना	१	२.३५	१००३	१	२.३५
१.१.१.४	अधिकृतस्तर नवौं	२११११	जना	६	४.३	१८३७	१	०.७२
१.१.१.५	अधिकृतस्तर आठौं	२११११	जना	३	५.८६	२५०३	१	१.९५
१.१.१.६	अधिकृतस्तर सातौं	२११११	जना	६	१०.४	४४२८	४	६.९२
१.१.१.७	अधिकृतस्तर छैटौं	२११११	जना	६	१०.७	४५७६	३	५.३६
१.१.१.८	सहायकस्तर पाँचौं	२११११	जना	२	२.३१	९८७	०	०.००
१.१.१.२५	ह.स.चा .पाँचौं स्तर	२११११	जना	२	१.३८	५८७	०	०.००
१.१.१.३०	का .स .पाँचौं स्तर	२११११	जना	३	२.४८	१०५८	२	१.६५
२.१.२.१	बिद्युत महशुल	२२१११	पटक	१३००	०.९१	३९०	१३००	०.९१
२.१.३.१	जारको पिउने पानी	२२१११	जार	१	०.१४	६०	१	०.१४
८.१.३.१	कार्यालय घर तथा आवास भाडा	२८१४२	पटक	३	१.१७	४९८	३	१.१७
२.१.६.१	टेलिफोन महसुल	२२११२	पटक	३	०.०७	३०	३	०.०७
२.१.७.१	ईमेल /इन्टरनेट/वेवसाइट महसुल	२२११२	पटक	३	०.४७	२०१	३	०.४७
१.२.२.१	स्थायी कर्मचारीको महंगी भत्ता	२११३२	जना	२५	३.५१	१५००	२५	३.५१
